# गेरुवा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः९ | संख्याः १२ | मितिः २०८२/०८/०८

भाग–२

## गेरुवा गाउँपालिकाको सूचना

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा १ बमोजिम बनेको गेरुवा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा ४ बमोजिम गेरुवा गाउँ कार्यपालिकाले मिति २०८२/०८/०८ मा जारी गरेको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्बत् २०८२ सालको नियम नं.१२

**<u>प्रसुति केन्द्रहरूमा चौबिसै घण्टा सेवा सञ्चालन गर्न थप जनशक्ति व्यवस्थापन कार्यविधि २०८</u>**

# प्रसुति केन्द्रहरूमा चौबिसै घण्टा सेवा सञ्चालन गर्न थप जनशक्ति व्यवस्थापन कार्यविधि २०८२

प्रमाणिकरण मितिः २०८२।०८।०८
प्रकाशन मितिः २०८२।०८।०८

प्रस्तावना

मातृ तथा नवजात शिशु मृत्युदरमा कमी ल्याई दिगो बिकास लक्ष्य हासिल गर्ने उद्देश्यले दुई जना मात्र नर्सिङ (अ.न.मी.) को स्वीकृत दरबन्दी भई प्रसुति केन्द्र स्थापना तथा सञ्चालनका लागी स्वीकृती प्रदान भएका स्वास्थ्य संस्थाहरूमा थप जनशक्तिको व्यवस्थापन गरी प्रसुति सेवा चौबिसै घण्टा सञ्चालन गर्न प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन २०७६ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी गेरूवा गाउँपालिकाबाट प्रसुति केन्द्रहरूमा चौबिसै घण्टा सेवा सञ्चालनका लागी थप जनशक्ति व्यवस्थापन कार्यविधि २०८२ जारी गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ

(क) यो कार्यविधिको नाम प्रसुति केन्द्रहरूमा चौबिसै घण्टा सेवा सञ्चालनकालागी थप जनशक्ति व्यवस्थापन कार्यविधि २०८२ रहेको छ ।

(ख) यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

**२.परिभाषाः-** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **स्वास्थ्य संस्था** भन्नाले नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको अनुदान र लगानीमा संञ्चालन भई सुरक्षित प्रसुति सेवा केन्द्र स्थापना भएका आधारभूत स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभूत अस्पताल वा त्यस्तै प्रकृतिको अन्य स्वास्थ्य संस्था सम्झिनु पर्दछ ।

**(ख) प्रसुति केन्द्र** भन्नाले सामान्य प्रसुति सेवा सहित सामान्य उपचार प्रदान गर्ने स्वास्थ्य संस्था सम्झिनु पर्दछ।

(ग) **प्रसुति** भन्नाले बच्चा वा शिशु जन्माउन स्वास्थ्य संस्थामा आउने महिलालाई सम्झिनु पर्दछ ।

(घ) **सुत्केरी** भन्नाले बच्चा वा शिशु जन्मिए देखि ४२ दिनसम्मका महिलालाई सम्झिनु पर्दछ ।

(ङ) **गाउँपालिका** भन्नाले गेरूवा गाउँपालिका बर्दियालाई सम्झिनु पर्दछ ।

(च) **थप जनसक्ति** भन्नाले दुई जना मात्र नर्सिङ (अ.न.मी.) जनशक्ति भएको स्वास्थ्य संस्थामा चौबिसै घण्टा प्रसुति सेवा प्रदान गर्न एक जना नर्सिङ (अ.न.मी.) जनशक्ति थप गर्ने सम्झिनु पर्दछ।

(छ) **सेवाग्राही** भन्नाले स्वास्थ्य संस्थामा प्रसुति भई बच्चा वा शिशु जन्माउने महिलालाई सम्झिनु पर्दछ ।

(ज) **गाउँ कार्यपालिकाको कार्यालय** भन्नाले गेरूवा गाउँ कार्यपालिकाको कार्यालय बर्दियालाई सम्झिनु पर्दछ।

**३.थप जनशक्ति व्यवस्थापन सम्बन्धी व्यवस्था**

(क) नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखा टेकु काठमाण्डौ बाट प्रकाशित आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम निर्देशिका २०७८ परिच्छेद-५ दफा १० को (१),(२),(३) र (४) मा उल्लेखित प्रकृया पुरा भएको स्वास्थ्य संस्था हुनुपर्ने छ ।

(ख) दफा ३ (क) बमोजिम प्रकृया पुरा भएको स्वास्थ्य संस्थामा नर्सिङ (अ.न.मी.) जनशक्ति थप व्यवस्थापन गर्दा गेरूवा गाउँपालिका बर्दिया बाट प्रकाशित करार सेवामा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७५ अनुसार गर्नुपर्ने छ ।

(ग) करार सेवामा जनशक्ति व्यवस्थापन गर्दा Skill Birth Attendant Training (SBA) तालिम वा सो सरहको तालिम प्राप्त हुनुपर्ने छ।

(घ) बिगत देखि कार्यरत नर्सिङ (अ.न.मी.) कर्मचारीको हकमा कार्य सम्पादन सन्तोषजनक भएमा नियमानुसार करार सेवामा निरन्तरता दिन सकिने छ ।

(ङ) थप जनशक्ति व्यवस्थापन कालागी करार सेवामा छनौट भएका Skill Birth Attendant Training (SBA) तालिम प्राप्त वा सो सरहको तालिम प्राप्त नर्सिङ (अ.न.मी.) लाई प्रसुति केन्द्र भएको स्वास्थ्य संस्थामा मात्र खटाइने छ ।

४. बजेट बिनियोजन सम्बन्धि व्यवस्था

(क) गाउँपालिका बाट प्रसुति केन्द्र स्थापना तथा सञ्चालन कालागी स्वीकृती प्रदान भएका स्वास्थ्य संस्थाहरूमा थप जनशक्ति नर्सिङ (अ.न.मी.) कर्मचारीको पारिश्रमिक सम्बन्धि बजेट बिनियोजन गाउँपालिका बाट हुनेछ ।

(ख) नेपाल सरकार बाट प्रसुति केन्द्र स्थापना तथा सञ्चालनकालागी स्विकृती प्रदान भएका स्वास्थ्य संस्थाहरूमा मातृ तथा नवशिशु कार्यक्रम सञ्चालन अन्तरगत थप जनशक्ति नर्सिङ (अ.न.मी.) व्यवस्थापन कालागी प्राप्त हुने सशर्त बजेट बाट पारिश्रमिक व्यवस्थापन गरिने छ ।

**५.बचाउः** यो कार्यविधि प्रकाशन हुनु पूर्व प्रसुति केन्द्रहरूमा चौबिसै घण्टा सेवा सञ्चालन कालागी थप जनशक्ति व्यवस्थापन यसै कार्यविधि बमोजिम भएको मानिने छ ।

६.बिबिधः यस कार्यविधिमा उल्लेखित बिषय बस्तु यसै कार्यविधि अनुसार हुने र यसमा उल्लेख नभएका बिषय वस्तु प्रचलित ऐन,कानून,नियम बमोजिम हुने छ ।

आज्ञाले
बस बहादुर राना
प्रमुख प्रशासकीय अधिकृत